आज मिति २०७९।०४।०१ गते आईतवार विहान ११:०० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको छैटौं बैठक गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १ | श्री प्रेम बहादुर भुजेल | – अध्यक्ष |
| २ | श्री जितेन्द्रमान तामाङ | – उपाध्यक्ष |
| ३ | श्री लेख बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री सुजन भण्डारी | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार लामा | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री केसारमान लामा | – सदस्य |
| १३ | श्री कल्पना पहरी | – सदस्य |
| १४ | श्री कुमारी विश्वकर्मा | – सदस्य |
| १५ | श्री चमेली परियार | – सदस्य |
| १६ | श्री शान्ती ठकुरी | – सदस्य |
| १७ | श्री सुलभ पहरी | – सदस्य |
| १८ | श्री विष्णु बहादुर पहरी | – सदस्य |
| १९ | श्री रुपक अधिकारी | – सचिव |

## प्रस्तावहरु तथा निर्णयहरु

**प्रस्ताव न.१.करारका कर्मचारीहरु भर्नाका लागि परिक्षा सञ्चालन गर्ने सम्बन्धमा**

प्रस्ताव न. १ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र कामकाज गर्दै आउनुभएका गाउँपालिकाले नियुक्त गरेका तथा गाउँपालिकाको आन्तरिक श्रोतबाट तलबभत्ता लिने सेवा करारमा लिइएका कर्मचारीहरुको म्याद थप नगर्ने र त्यसको स्थानमा परिक्षा सञ्चालन गरी नयाँ कर्मचारी भर्ना गर्ने निर्णय गरियो। निम्न बमोजिमका पदको कर्मचारीहरु माग गर्ने र परिक्षा विधिहरु प्रयोग गर्ने निर्णय गरियो ।

| क्र.स | विषयगत शाखाहरु | पदहरु | माग सङ्ख्या | परिक्षा विधिहरु |
|---|---|---|---|---|
| १ | स्वास्थ्य तर्फका सम्पूर्ण कर्मचारीहरु | मेडीकल अधिकृत, हेल्थ असिष्टेन्ट,अहेव, अनमी, ल्या.टे/ल्या.अ,स्टाफ नर्स,फार्मेसी र कार्यालय सहयोगी | ६५ जना | लिखित तथा अन्तरवार्ता |
| २ | कृषि तर्फका सम्पूर्ण कर्मचारीहरु | नायव प्राविधिक सहायक | ७ जना | लिखित तथा अन्तरवार्ता |
| ३ | पशु तर्फका सम्पूर्ण कर्मचारीहरु | नायव पशु स्वास्थ्य प्राविधिक | ७ जना | लिखित तथा अन्तरवार्ता |
| ४ | शिक्षा तर्फका सम्पुर्ण कर्मचारी | विभिन्न विषयका मा.वि., नि.मा.वि. प्रा.वि शिक्षक, योग,नृत्य र खेलकुद शिक्षक र कार्यालय सहयोगी | २८ जना | लिखित तथा अन्तरवार्ता |
| ५ | गा.पा. कार्यालय,वडा कार्यालय तर्फका सम्पुर्ण कार्यालय सहयोगी | कार्यालय सहयोगी | १२ जना | अन्तरवार्ता |
| ६ | सम्पुर्ण हलुका सवारी चालक | हलुका सवारी चालक | ५ जना | अन्तरवार्ता |
| ७ | सम्पुर्ण हेभी सवारी चालक | हेभी सवारी चालक | १ जना | अन्तरवार्ता |
| ८ | प्राविधिक तर्फका सव- इन्जिनियर | सव- इन्जिनियर | १ जना | लिखित तथा अन्तरवार्ता |
| ९ | उद्यम विकास कार्यक्रम | उद्यम विकास सहजकर्ता पाँचौ र चौथो १/१ जना | २ जना | लिखित तथा अन्तरवार्ता |
| १० | प्रशासन | सूचना प्रविधि अधिकृत | १ जना | लिखित र अन्तर्वाता |

**प्रस्ताव न. २ः दैनिक ज्यालादारीमा लगाउने सम्बन्धमा**

प्रस्ताव न. २ माथि छलफल गर्दा करारमा कर्मचारी भर्ना गर्नका आवश्यक प्रक्रिया पुरा गर्नका लागि केही समय लाग्ने तर अत्यावश्यक सेवामा काम गराईराख्नु पर्ने भएकाले सो समय भरी काम गर्नका लागि इच्छुक भएमा अहिलेकै कर्मचारीहरुलाई नै दैनिक ज्यालादारीमा काम लगाई गाउँपालिकाले लिने परिक्षामा सोही व्यक्ति छनौट भएमा करार निरन्तरता गर्ने र नयाँ व्यक्ति छनोट भएमा सो व्यक्तिलाई हटाई नयाँ कर्मचारीसँग सेवा करार गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.३ः परिक्षाको समयावधि घटाउने सम्बन्धमा**

प्रस्ताव न. ३ माथि छलफल गर्दा भुम्लु गाउँपालिका करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को नियम ४ को उपनियम १ बमोजिम गाउँपालिकाको करारमा कर्मचारी भर्ना गर्नका लागि १५ दिने सूचना जारी गर्नुपर्ने प्रावधान भएकोमा अहिलेको तत्कालिन परिस्थितिलाई मध्येनजर गर्दै छिटो भन्दा छिटो कर्मचारी भर्ना गर्नुपर्ने भएकाले ७ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४ः सुख्खा क्षेत्रमा ट्याङ्की वितरण गर्ने सम्बन्धमा**

प्रस्ताव न. ४ माथि छलफल गर्दा संघीय विशेष अनुदानबाट प्राप्त रु.५०,००,०००।– बाट यस गाउँपालिकाको सुख्खा क्षेत्रमा पोलिथिनको खानेपानी ट्याङ्की वितरणका लागि ३९० वटा ट्याङ्की खरिद गरिएकोमा निम्न बमोजिमको दरमा वडा अनुसार ट्याङ्की वितरण गर्ने निर्णय गरियो ।

| वडा न. | ट्याङ्कीको सङ्ख्या | कैफियत |
|---|---|---|
| १ | ३० वटा | |
| २ | ३० वटा | |
| ३ | ३० वटा | |
| ४ | ३० वटा | |
| ५ | ३० वटा | |
| ६ | ५० वटा | बढि सुख्खा ग्रस्त क्षेत्र |
| ७ | ३० वटा | |
| ८ | ३० वटा | |
| ९ | ५० वटा | बढि सुख्खा ग्रस्त क्षेत्र |
| १० | ५० वटा | बढि सुख्खा ग्रस्त क्षेत्र |
| गाउँपालिका कार्यालय | ३० वटा | |
| जम्मा | ३९० वटा | |

**प्रस्ताव न. ५ः शिक्षा समितिको गठन गर्ने सम्बन्धमा**

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहने निर्णय गरियो ।

| क्र.स | नाम र थर /पद | पद |
|---|---|---|
| १ | श्री प्रेम बहादुर भुजेल गा.पा. अध्यक्ष | संयोजक |
| २ | श्री जितेन्द्रमान तामाङ गा.पा. उपाध्यक्ष | उप- संयोजक |
| ३ | श्री अन्चल कुमार लामा सामाजिक विकास समिति संयोजक | सदस्य |
| ४ | श्री लोक वहादुर कुँवर गाउँ सभा सदस्य | सदस्य |
| ५ | श्री रमेशराज खरेल गाउँ सभा सदस्य | सदस्य |
| ६ | श्री सुजन भण्डारी गाउँ सभा सदस्य | सदस्य |
| ७ | श्री भैरव थापा विद्यालय व्यवस्थापन अध्यक्ष | सदस्य |
| ८ | श्री भोजराज उप्रेती स्थानीय समाज सेवी | सदस्य |
| ९ | श्री दुर्गा देवी पराजुली स्थानीय समाज सेवी महिला | सदस्य |
| १० | श्री कृष्णमान रिजाल स्थानीय समाज सेवी दलित | सदस्य |
| ११ | श्री प्रेम कृष्ण श्रेष्ठ | सदस्य |
| १२ | श्री अमर बहादुर प्रधान प्र.अ | सदस्य |
| १३ | श्री रुपक अधिकारी प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| १४ | श्री प्रेम कुमार पुरी शिक्षा अधिकृत | सदस्य-सचिव |

**प्रस्ताव न. ६ःभुम्लु गाउँपालिका वडा न. ३ मा गएको पहिरोका कारण घरबार बिहिन परिवारका सम्बन्धमा**

प्रस्ताव न. ६ माथि छलफल गर्दा भुम्लु गाउँपालिका वडा न. ३ भूसीगैरा बस्ने श्री भिम बहादुर पहरीको छोरा राजकुमार पहरी (ना.प्र.न. ३०३०५७/१८९) को घरको पछाडी पहिरो गई घरमा बस्नका लागि जोखिम भएको र निजलाई गाउँपालिकाबाट सहयोग उपलब्ध गराईदिनुहुन भनि ३ न. वडा कार्यालयबाट सिफारिस प्रास भएकोमा उक्त स्थानमा गई अनुगमन गरेपछि मात्र आवश्यक निर्णय गाउँपालिका बाट लिईने र यसका लागि गाउँपालिका उपाध्यक्ष ज्यूको संयोजकत्वमा समिति गठन गरी पठाउने निर्णय गरियो ।